नेपाल सरकार

**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**

स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

प्रकाशित मिति २०८१/१०/२४ गते

स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २० बमोजिम स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशक पदमा खुल्ला प्रतिस्पर्धाबाट छनोट गरी ऐनको दफा २२ बमोजिम नियुक्ति गर्नुपर्ने भएकोले स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशकको लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनोट सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ को उपदफा (१) बमोजिम यो दरखास्त आव्हान सम्बन्धी सूचना प्रकाशन गरिएको छ । देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारले तपसिल बमोजिमको आवश्यक विवरण संलग्न गरी दश दिन भित्र यस मन्त्रालयमा दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ ।

**<u>देहाय</u>**

**१. <u>योग्यता तथा अनुभव</u>**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, कानून, चिकित्साशास्त्र, जनस्वास्थ्य वा स्वास्थ्य अर्थशास्त्र सम्बन्धी बिषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(ख) नेपाली नागरिक,

(ग) दरखास्त दिने अन्तिम मितिसम्म पैसठ्ठी बर्ष उमेर ननाघेको,

(घ) भ्रष्ट्राचार, जवरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ती शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

**२. <u>दरखास्त साथ पेश गर्नुपर्ने कागजात</u>**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको स्वयम् प्रमाणित छाँयाप्रति,

(ख) शैक्षिक योग्यतासम्बन्धी स्वयम् प्रमाणित कागजातहरू,

(ग) सम्बन्धित क्षेत्रमा एक वर्ष भन्दा बढी अवधी काम गरेको अनुभव स्पष्ट खुल्ने संस्थागत प्रमाणित कागजातहरू,

(घ) उम्मेदवारले देहायका विषयमा स्वयम् घोषणा गरेको कागजात पेश गर्नु पर्नेछ:

  (अ) ऐनको दफा १८ को खण्ड (ग) बमोजिमको कसूरमा सजाय नपाएको,

  (आ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नभएको,

  (इ) बोर्डसँग कुनै किसिमको स्वार्थ (Conflict of Interest) नभएको,

(ङ) कार्यकारी निर्देशकका रुपमा गर्ने कार्य र भूमिका समेत उल्लेख भएको अवधारणा-पत्र सहितको चार वर्षको व्यावसायिक कार्ययोजना रहेको सिलवन्दी खाम ।

(च) सरकारी निकाय वा संस्थागत सेवारत आवेदकको हकमा दरखास्तसाथ सेवारत निकायबाट स्वीकृती प्रदान गरिएको पूर्वस्वीकृति ।

**अवधारणापत्र सहितको कार्ययोजनामा देहाय बमोजिम हुनु पर्नेछः**

१. कम्तिमा ३००० देखि बढीमा ५००० शब्दसम्मको हुनु पर्नेछ,

२. नेपाली वा अङ्ग्रेजी भाषामा A4 Size को कागजमा कम्प्युटर टाइप गरिएको हुनु पर्नेछ,

३. पहिलो पृष्ठको सबभन्दा माथि आफ्नो नाम लेखिएको हुनु पर्नेछ,

४. अन्य पृष्ठको हकमा पश्च भागमा आवेदकले दस्तखत गरेको हुनु पर्नेछ,

५. सो बाहेक अग्र पृष्ठमा कहीं कतै पनि नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै सङ्केत नभएको हुनु पर्नेछ,

६. अवधारणा-पत्र सहितको व्यावसायिक कार्ययोजना खाममा राखी शिलबन्दी गरिएको हुनु पर्नेछ,

७. दरखास्त साथ अवधारणा-पत्र सहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र प्रस्तुतीकरण रहेको पेन ड्राइभ समेत राखी छुट्टै खाममा शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

(छ) दरखास्त दस्तुर वापत रु.५०००/- कार्यालय कोड नं ३७-०००-३५०१, राजस्व खाता नं. १४२४२४ मा बुझाएको बैंक भौचर।

**३. <u>दरखास्त सङ्कलन र मूल्याङ्कन</u>**

(क) दरखास्त सङ्कलनसम्बन्धी कार्य तोकिएको अवधिभर कार्यालय समयभित्र समितिको सचिवालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, आन्तरिक प्रशासन शाखा, रामशाहपथबाट हुने छ।

(ख) रितपूर्वक दरखास्त दिने उम्मेदवारहरुको मूल्याङ्कन "स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०८१" मा तोकिए बमोजिम हुनेछ ।

(ग) दरखास्त फाराम स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वेवसाइट www.mohp.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

(घ) दरखास्त सम्बन्धी कुनै द्विविधा परेमा मन्त्रालयको सम्पर्क नम्बर ०१-५३६४६९४ वा मोबाइल नम्बर ९८५११५५४४९ मा सम्पर्क गर्न सकिने छ ।

यो सूचना स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वेवसाइट www.mohp.gov.np मा पनि हेर्न सकिने छ।

# स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०८१

स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २२ को उपदफा (१) मा व्यवस्था भए बमोजिम स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशकको नियुक्तिको लागि नेपाल सरकारसमक्ष नाम सिफारिस गर्न लोक सेवा आयोगको अध्यक्षको संयोजकत्वमा समिति गठन भएकोले सो समितिले स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २२ को उपदफा (४) बमोजिम यो कार्यविधि बनाएको छ।

**१. कार्यविधिको नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संयोजक" भन्नाले स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित सिफारिस समितिको संयोजक सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले स्वास्थ्य बीमा ऐन, २०७४ सम्झनु पर्दछ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशक सम्झनु पर्दछ।

(घ) "बोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनु पर्दछ।

(ङ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्दछ।

(च) "समिति" भन्नाले स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित  सिफारिस समिति सम्झनु पर्दछ।

**३. बैठक सम्बन्धी कार्यविधिः**

(१) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठकको गणपुरक संख्याको लागि कम्तीमा समितिको संयोजक र एकजना सदस्य उपस्थित भएको हुनुपर्नेछ।

(४) समितिको निर्णय सर्वसम्मतिमा हुनेछ। कुनै अवस्थामा सर्वसम्मत हुन नसकेमा संयोजक सहितको बहुमतले गरेको निर्णय मान्य हुनेछ।

(५) समितिको निर्णय संयोजकको हस्ताक्षर पछि प्रमाणित भएको मानिनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## ४. कार्यकारी निर्देशकको पदमा नियुक्त हुनको लागि योग्यता

(१) कार्यकारी निर्देशकको पदमा नियूक्त हुनको लागि ऐनको दफा २१ बमोजिम देहायको योग्यता पुगेको हुनुपर्नेछ:

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, कानून, चिकित्साशास्त्र, जनस्वास्थ्य वा स्वास्थ्य अर्थशास्त्र सम्बन्धी बिषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको

(ख) दफा १८ को खण्ड (क) र (ग) बमोजिम योग्यता पुगेको

(ग) पैंसठ्ठी वर्ष उमेर ननाघेको

## ५. सूचना प्रकाशनः

(१) समितिले कार्यकारी निर्देशक पदको लागि योग्य उम्मेदवारहरुको सूची तयार गर्ने प्रयोजनका लागि दरखास्त आव्हान गर्न सात दिनको समयावधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना गोरखापत्र र मन्त्रालयको वेवसाइटमा समेत प्रकाशन गरिनेछ।

(३) उम्मेदवारले दरखास्त दस्तुर बापत रु. ५०००/- बुझाउनु पर्नेछ।

## ६. दरखास्त दिने समयावधिः

योग्यता पुगेका इच्छुक व्यक्तिहरुले सूचनामा तोकिएको दिनको कार्यालय समयभित्र तोकिएको स्थानमा आफ्नो योग्यता र अनुभव खुल्ने गरी दरखास्त दिनुपर्नेछ।

## ७. दरखास्तसाथ पेश गर्नु पर्ने कागजातहरूः

(१) उम्मेदवारले दरखास्तका साथ देहायका विवरणहरू खुल्ने प्रमाणित कागजातहरू समावेश गर्नुपर्नेछः

(क) शैक्षिक योग्यता सम्बन्धी स्वयम् प्रमाणित कागजातहरू।

(ख) सम्बन्धित क्षेत्रमा एक वर्ष भन्दा बढी अवधी काम गरेको अनुभव स्पष्ट खुल्ने संस्थागत प्रमाणित कागजातहरू ।

(ग) नेपाली नागरिकता प्रमाणपत्रको छायाँप्रति ।

(२) उम्मेदवारले देहायका विषयमा स्वयम् घोषणा गरेको कागजात पेश गर्नु पर्नेछ:

(क) ऐनको दफा १८ को खण्ड (ग) बमोजिमको कसूरमा सजाय नपाएको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नभएको,

(ग) बोर्डसँग कुनै किसिमको स्वार्थ (Conflict of Interest) नभएको,

## ८. अवधारणा पत्रसहितको व्यावसायिक कार्ययोजना पेश गर्नुपर्नेः

दरखास्तसाथ कार्यकारी निर्देशक भएपछि बोर्डको नेतृत्वदायी भूमिका उल्लेख भएको अवधारणा-पत्र सहितको चार वर्षको व्यावसायिक कार्ययोजना (Professional Work Plan) पेश गर्नुपर्नेछ।

**९. पुन:दरखास्त आव्हान गर्ने तथा दरखास्त रद्द गर्न सक्नेः**

(१) तीन भन्दा कम संख्यामा दरखास्त परेमा समितिले पुनः दरखास्त आव्हान गर्नेछ । यसरी पुन: दरखास्त आव्हान गर्दा समेत तीन भन्दा कम संख्यामा दरखास्त परेमा प्राप्त दरखास्तको आधारमा समितिले प्रक्रिया अघि बढाउन सक्नेछ ।

(२) समितिलाई प्राप्त दरखास्तमध्ये रीत नपुगी आएमा तथा गलत वा झुठ्ठा कागजपत्र पेश गरेको देखिएमा समितिले जुनसुकै चरणमा उम्मेदवारको दरखास्त रद्द गर्नेछ ।

**१०. छनौट विधिः**

(१) योग्य उमेदवार छनौट गर्न समितिले देहायका विधिहरू अवलम्वन गर्नेछः

(क) दरखास्त साथ प्राप्त कागजात, अवधारणा-पत्र सहितको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन ।

(ख) अवधारणा-पत्र सहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण ।

(ग) अन्तर्वार्ता ।

(२) समितिले दफा ११ बमोजिमको मूल्याङ्कनका आधारमा रीत पुगेका उम्मेदवारको मूल्याङ्कन गर्नेछ।

(३) समितिले आवश्यकता अनुसार विषय विज्ञ वा दक्षको प्रयोग गर्न सक्नेछ ।

**११. मूल्याङ्कनका आधारहरूः**

(१) मूल्याङ्कनका लागि देहायका आधारहरू लिइने छ।

| | | |
|---|---|---|
| क. | अनुभव - न्यूनतम भन्दा बढी अवधिको अनुभवको लागि राजपत्राङ्कित तृतीय र द्धितीय श्रेणी वा सो सरहको अनुभवको हकमा प्रतिवर्ष १ अङ्कका दरले र राजपत्राङ्कित प्रथम र सोभन्दा माथि वा सो सरहको अनुभवको हकमा प्रतिवर्ष २ अङ्कका दरले बढीमा | २० अङ्क |
| ख. | अवधारणा-पत्र सहितको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन | ४० अङ्क |
| ग. | अवधारणापत्र-सहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण | २० अङ्क |
| घ. | अन्तर्वार्ता | २० अङ्क |
| **जम्मा अङ्क** | | **१०० अङ्क** |

(२) अवधारणापत्र सहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्तामा अधिकतम ७०% भन्दा बढि र न्यूनतम ४०% भन्दा कम अङ्क दिदा पुष्ट्याई दिनुपर्नेछ।समितिका बहुमत सदस्यले कुनै उम्मेदवारलाई ७० % भन्दा बढि र ४०% भन्दा कम अङ्क प्रदान गरेकोमा मात्र त्यस्तो अङ्क गणना गरिनेछ।बहुमत सदस्यले त्यसरी अङ्क प्रदान नगरेकोमा ७०% भन्दा बढी अङ्कलाई ७०% र ४०% भन्दा कम अङ्कलाई ४०% कायम गरिनेछ।

(३) उपदफा (१) को देहाय (क) को अनुभवको श्रेणीगत समकक्षता निर्धारण वा अन्य बिषय कार्यान्वयनका सम्बन्धमा कुनै समस्या आइपरेमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१२. संक्षिप्त सूची प्रकाशन गर्नेः**

तोकिएको समयभित्र दश भन्दा बढी संख्यामा दरखास्त पेश हुन आएमा कार्यविधिको दफा ११ को देहाय (क) र (ख) अनुसार मूल्याङ्न गरी दश जना उम्मेदवारहरुको वर्णानुक्रमानुसारको संक्षिप्त सूचि (Short List) व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि प्रकाशन गर्नेछ ।

**१३. नियुक्तिका लागि सिफारिसः**

समितिले उम्मेदवारको अनुभव,शैक्षिक योग्यता, अवधारणा सहितको व्यावसायिक कार्ययोजना,अवधारणासहितको व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको अङ्कका आधारमा योग्यताक्रमानुसार सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन जना उम्मेदवारको नाम बोर्डको कार्यकारी निर्देशकको पदमा नियुक्तिका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

**१४. खर्च सम्बन्धी व्यवस्थाः**

समितिको बैठक तथा बोर्डको अध्यक्ष छनोट सम्बन्धी अन्य व्यवस्थापकीय खर्च लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०७७ बमोजिम मन्त्रालयले व्यवस्था गर्नेछ।

**१५. कागजपत्रको संरक्षणः**

(१) समितिले सिफारिस सम्बन्धी कार्य सम्पन्न गरिसकेपछि तत्सम्बन्धी सम्पूर्ण कागजातहरू मन्त्रालयमा सुरक्षित राख्नु पर्नेछ ।

(२) समितिले गरेको मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कागजात गोप्य रहनेछन।

**१६. सचिवालयः**

(१) समितिको सचिवालय मन्त्रालयमा रहनेछ तर संयोजकले तोकेको स्थानमा बैठक गर्न बाधा पर्ने छैन ।

(२) समितिको लागि आवश्यक कर्मचारीको व्यवस्था मन्त्रालयले गर्नेछ ।

**१७. कार्यविधिमा हेरफेरः**

समितिले यस कार्यविधिमा आवश्यकता अनुसार हेरफेर गर्नसक्नेछ।

**१८. विविधः**

यस कार्यविधि कार्यान्वयनमा कुनै कठिनाई आईपरेमा समितिका संयोजकको निर्णय अन्तिम हुनेछ।

# स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशक पदका लागि
# दरखास्त फाराम

दरखास्त दर्ता नः मितिः २०८१/ /

फोटो

**क) व्यक्तिगत विवरण**

१. उम्मेदवारको नाम थर :

२. जन्म मिति : इ.सं/वि.सं. साल ______ महिना ______ गते ______

३. स्थायी ठेगाना :

| | |
|---|---|
| प्रदेश : | जिल्ला : |
| न.पा/गा.पा : | वडा नं. : |
| मोवाइल नं : | इमेल : |

४. अस्थायी ठेगाना :

| | |
|---|---|
| प्रदेश : | जिल्ला : |
| न.पा/गा.पा : | वडा नं. : |

५. नागरिकता : जारी गरिएको जिल्ला र मिति : नम्वर :

६. बाबुको नाम:

७. आमाको नाम:

८. बाजेको नाम:

९. पति/पत्नीको नाम :

**ख) शैक्षिक योग्यता विवरण :**

| शैक्षिक संस्थाको नाम र ठेगाना | उपाधि | अध्ययन वर्ष | | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | बाट | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| शैक्षिक संस्थाको नाम र ठेगाना | उपाधि | अध्ययन वर्ष | | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | बाट | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग)** **सम्वन्धित क्षेत्रमा कार्य अनुभवको विवरण :**

| संस्था/निकायको नाम र ठेगाना | कार्य अवधि | | मुख्य उत्तरदायित्व | कैफियत |
|---|---|---|---|---|
| | बाट | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**घ)** माथि उल्लेखित मेरो व्यक्तिगत विवरण ठिक साँचो छ । झुठ्ठा ठहरिएमा यसै विवरणको आधारमा बदर गरिएमा म कुनै किसिमको उजुरवाजुर गर्ने छैन ।

दरखास्तवालाको हस्ताक्षर

मिति

ल्याप्चे सहीछाप

| दाँया | बाँया |
|---|---|
| | |

**नोट :** दरखास्तको साथमा सूचनामा उल्लेखित कागजातका छाँयाप्रतिहरु दरखास्तवाला स्वयम्ले प्रमाणितसंलग्न गर्नुपर्नेछ ।

मिति: २०८१/

**विषय: स्वःघोषणा सम्बन्धमा ।**

प्रस्तुत विषयमा स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशकको पदका लागि आवेदनका साथमा देहाय बमोजिमको घोषणा गर्दछु ।

| | **हो** | **होइन** |
|---|---|---|
| (क) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, | ☐ | ☐ |
| (ख) भ्रष्टाचार, जबजस्ती करणी, मानव बेचबिखान तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको, | ☐ | ☐ |
| (ग) बोर्डसँग कुनै किसिमको स्वार्थ (Conflict of Interest) नभएको | ☐ | ☐ |

माथि उल्लेख गरिएका विवरण ठिक साँचो हो भनी स्व:घोषणा गर्दछु। झुटो ठहरिएमा कानूनबमोजिम सहुँला/बुझाउँला ।

**आवेदक**

हस्ताक्षर:...........................................................................

नाम, थर-: .........................................................................

ठेगाना-: ...........................................................................

सम्पर्क नम्बर:....................................................................